# सर्वोच्च अदालत

## प्रेस विज्ञप्ति

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी समक्ष सर्वोच्च अदालतका सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री दीपकराज जोशीले सर्वोच्च अदालतको आर्थिक वर्ष २०७३।०७४ को वार्षिक प्रतिवेदन आज मिति २०७४।१२।२१ मा प्रस्तुत गर्नुभयो । प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०७३।०७४ मा सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत, राजश्व न्यायाधिकरणहरू, श्रम अदालत र वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका न्याय सम्पादन सम्बन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसामयिक समस्या, चुनौती र न्यायपालिकाले राखेका अपेक्षासहितको प्रतिवेदनको सार सङ्क्षेप यस प्रकार छः

### १. मुद्दा फछ्र्यौटतर्फ

विभिन्न अदालत र न्यायाधिकरणहरूबाट आर्थिक वर्ष २०७३/०७४ मा भएको मुद्दा फछ्र्यौट अवस्था देहाय बमोजिम रहेको छः

### १.१ मुद्दा फछ्र्यौटको समग्र स्थितिः

सर्वोच्च अदालत लगायत मातहत अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको ८८,८५० (अठासी हजार आठ सय पचास) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,६५,६७९ (एक लाख पैसठ्ठी हजार छ सय उनासी) थान गरी जम्मा मुद्दाको लगत २,५४,५२९ (दुई लाख चउन्न हजार पाँच सय उनन्तीस) थान रहेकोमा सोमध्ये **१,५७,४९५ (एक लाख सन्ताउन्न हजार चार सय पन्चान्नब्बे)** अर्थात् **६१.८८ प्रतिशत** मुद्दा फछ्र्यौट भएकोमा **९७,०३४ (सन्तानब्बे हजार चौतिस)** थान मुद्दा बाँकी रहन गएको छ । अघिल्लो आर्थिक वर्षमा २,०७,३६१ (दुई लाख सात हजार तीन सय एकसठ्ठी) मुद्दाको लगत कायम भएकोमा सोको **५७.०३ प्रतिशत** अर्थात् १,१८,२५१ (एक लाख अठार हजार दुई सय एकाउन्न) मुद्दा फछ्र्यौट भएको थियो । **देशभरको समग्र स्थिति हेर्दा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा ४.८५ प्रतिशले बढी मुद्दा फछ्र्यौट भएको देखिन्छ ।**

### १.२ सर्वोच्च अदालतको मुद्दा फछ्र्यौटको स्थितिः

सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको २३,७१३ (तेइस हजार सात सय तेह्र) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १०,६४० (दश हजार छ सय चालीस) थान गरी जम्मा मुद्दाको लगत ३४,३५३ **(चौंतीस हजार तीन सय त्रिपन्न)** रहेकोमा सोमध्ये ११,३२१ **(एघार हजार तीन सय एक्काईस)** थान अर्थात् ३२.९५ प्रतिशत मुद्दा फछ्र्यौट भई २३,०३२ **(तेइस हजार बत्तीस)** थान मुद्दा

बाँकी रहन गएको छ। अघिल्लो आर्थिक वर्षमा ३५,१६९ (पैंतीस हजार एक सय उनहत्तर) लगत कायम भएकोमा सोको ३१.७८ प्रतिशत अर्थात् ११,१७५ (एघार हजार एक सय पचहत्तर) थान मुद्दा फछ्र्यौट भएको थियो ।अघिल्लो आर्थिक वर्षको तुलनामा यस वर्ष १.१७ प्रतिशतले वढी मुद्दा फछ्र्यौट भएको छ।

## १.३ उच्च अदालतहरूको मुद्दा फछ्र्यौटको स्थिति:

उच्च अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको १८,७९१ (अठार हजार सात सय एकाननब्बे) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ३५,२३९ (पैंतिस हजार दुई सय उनान्चालीस) थान गरी मुद्दाको जम्मा लगत ५४,०३० (चवन्न हजार तीस) थान रहेकोमा ३३९४७ (तेत्तीस हजार नौ सय सठचालीस) थान मुद्दा अर्थात् ६२.८३ प्रतिशत फछ्र्यौट भई २०,०८३ (बीस हजार त्रियासी) थान मुद्दा बाँकी रहन गएको छ । अघिल्लो आर्थिक वर्षमा ५०,९६१ (पचास हजार नौसय एकसठ्ठी) लगत कायम भएकोमा सोको ६३.११ प्रतिशत अर्थात् ३२,१६१ (बत्तीस हजार एक सय एकसठ्ठी) मुद्दा फछ्र्यौट भएको थियो । गत आर्थिक वर्षको तुलनामा उच्च अदालतहरूमा ०.२८ प्रतिशतले कम मुद्दा फछ्र्यौट भएको देखिएको छ ।

## १.४ जिल्ला अदालतहरूको मुद्दा फछ्र्यौटको स्थिति:

जिल्ला अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको ४४,८३० (चवालीस हजार आठ सय तीस) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,१८,५१३ (एक लाख अठार हजार पाँच सय तेह्र) थान गरी मुद्दाको जम्मा लगत १,६३,३४३ (एक लाख त्रिसठ्ठी हजार तीन सय त्रिचालीस) थान रहेकामा १,१०,७१६ (एक लाख दश हजार सात सय सोह्र) थान मुद्दा अर्थात् ६७.७८ प्रतिशत फछ्र्यौट भई ५२,६२७ (बाउन्न हजार छ सय सत्ताइस) थान मुद्दा बाँकी रहन गएको छ। अघिल्लो आर्थिक वर्षमा १,१९,०१३ (एक लाख उन्नाइस हजार तेह्र) लगत कायम भएकोमा सोको ६२.३६ प्रतिशत अर्थात् ७४,२१३ (चवत्तर हजार दुई सय तेह्र) मुद्दा फछ्र्यौट भएको थियो । गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा ५.४२ प्रतिशतले बढी मुद्दा फछ्र्यौट भएको छ ।

## १.५ अन्य अदालत तथा न्यायाधिकरणहरूको मुद्दा फछ्र्यौटको स्थिति:

अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको १,५१६ (एक हजार पाँच सय सोह्र) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,२८७ (एक हजार दुई सय सतासी) थान गरी मुद्दाको जम्मा लगत २,८०३ (दुई हजार आठ सय तीन) थान रहेकोमा १,५११ (एक हजार पाँच सय एघार) थान मुद्दा अर्थात् ५३.९१ प्रतिशत फछ्र्यौट भई १,२९२ (एक हजार दुई सय बयाननब्बे) थान मुद्दा बाँकी रहन गएको छ । अघिल्लो आर्थिक वर्षमा २२१८ (दुई हजार दुई सय अठार) लगत

कायम भएकोमा सोको ३१.६५ प्रतिशत अर्थात् ७०२ (सात सय दुई) थान मुद्दा फछ्र्यौट भएको थियो। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा २२.२६ प्रतिशतले बढी मुद्दा फछ्र्यौट भएको छ।

## १.६ दश वर्षको कूल लगत फछ्र्यौटको तुलना

- २०६४ सालको लगत १,०३,६५१ रहेकोमा हाल करिब दोब्बर भन्दा बढी २,५४,५२९ लगत भएको छ ।
- २०६४ सालको फछ्र्यौट ४४,८१८ हुने गरेको मा हाल दुई गुणा भन्दा बढी १,५७,४९५ मुद्दा फछ्र्यौट भएको छ ।

## २. फैसला कार्यान्वयनतर्फ

आर्थिक वर्ष २०७३/२०७४ मा जिल्ला अदालतहरूमा भएको फैसला कार्यान्वनको अवस्था देहायबमोजिम रहेको छ:

## २.१ कैदतर्फ

यस आर्थिक वर्षमा कैदतर्फ १,४५,६४९।०।२४ (एक लाख पैतालीस हजार छ सय उनान्चास वर्ष चौबीस दिन) लगत रहेकोमा सोमध्ये ३३,५२२।५।२४ (तेत्तीस हजार पाँच सय बाइस वर्ष पाँच महिना चौबीस दिन) अर्थात् २३.०२ प्रतिशत कैद असुल भएको छ । गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा ०.७५ प्रतिशतले घटी कैद असुल भएको छ। अघिल्लो आर्थिक वर्षमा १,४३,३८३।८।२८ (एक लाख त्रिचालीस हजार तीन सय त्रियासी वर्ष आठ महिना अठ्ठाइस दिन) लगत रहेकोमा सोमध्ये ३४,०७९।३।२८ (चौंतीस हजार उनासी वर्ष तीन महिना अठ्ठाइस दिन) अर्थात् २३.७७ प्रतिशत कैद असुल भएको थियो ।

## २.२ जरिवानातर्फ

यस आर्थिक वर्षमा जरिवाना असुलीतर्फ रू. १४,६३,१९,११,६५८।४० (चौंध अर्ब त्रिसठ्ठी करोड उन्नाइस लाख एघार हजार छ सय अन्ठाउन्न रुपैया चालीस पैसा) लगत रहेकोमा सोमध्ये रू.४,०२,४१,६२,८३५।४७ (चार अर्ब दुई करोड एकचालीस लाख बैसठ्ठी हजार आठ सय पैंतीस रुपैया सठचालीस पैसा) अर्थात् २७.५०, प्रतिशत असुल भएको छ । अघिल्लो आर्थिक वर्षमा रू. १७,३२,०८,२८,३८१।८५ (सत्र अर्ब बत्तीस करोड आठ लाख अठ्ठाइस हजार तीन सय एकासी रुपैयाँ पचासी पैसा) लगत रहेकोमा सोमध्ये रू. ५,९५,५४,१०,२७५।१८ (पाँच अर्ब पन्चानब्बे करोड चउन्न लाख दश हजार दुई सय पचहत्तर रुपैया अठार पैसा) अर्थात् ३४.३८ प्रतिशत असुल भएको थियो। जुन गत आर्थिक वर्षको तुलनामा ६.८८ प्रतिशतले बढी हो ।

## ३. निरीक्षण एवम् अनुगमनतर्फ

यस आर्थिक वर्षमा सर्वोच्च अदालतबाट ७ वटा उच्च अदालत र सो मातहतका ११ वटा इजलासको निरीक्षण गरिएको छ । उच्च अदालत र सो मातहतका इजलासबाट ७५ जिल्ला अदालत र जिल्लास्थित अर्धन्यायिक निकायहरूको निरीक्षणको कार्य सम्पन्न भएको छ ।

## ४. नजिर तथा फैसलाहरूको प्रकाशन

नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनको नियमितरूपमा प्रकाशन गर्नुका अतिरिक्त सर्वोच्च अदालतका महत्त्वपूर्ण फैसलाहरू वेबसाइटमा राख्ने गरिएको छ । २०१५ सालदेखि हालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित सबै निर्णयहरू विभिन्न आधारमा खोज्न मिल्ने गरी सर्वोच्च अदालतको वेबसाइटमा राखिएको छ ।

## ५. सर्वोच्च अदालत तथा मातहत अदालतका लागि विनियोजन भएको बजेट र खर्चको विवरण

यस आर्थिक वर्षमा सर्वोच्च अदालत तथा मातहत अदालतहरू समेतका लागि ४ अर्ब ३४ करोड ४५ लाख विनियोजन भएको मध्ये ४ अर्ब ९ करोड ४४ लाख निकासा भई निकासा भएबमोजिमको बजेट खर्च भएको छ ।

## ६. न्यायपालिकाका विद्यमान समस्या, चुनौती र सुझावहरू

(१) न्यायपालिकाको कार्यबोझलाई सम्बोधन गर्ने चुनौती:

- अदालतको कार्यबोझ निरन्तर रूपमा बढिरहेको छ । नेपालको संविधानबाट अदालतको कार्यक्षेत्रसमेत विस्तार भएको छ । अघिल्लो आर्थिक वर्ष २०७२/०७३ मा जिम्मेवारी सरेको ७९४०३ नयाँ दर्ता १२७९५८ गरी जम्मा २०७३६१ लगत कायम भएकोमा यस आर्थिक वर्षमा जिम्मेवारी सरेको ८८८५० नयाँ दर्ता १६५६७९ गरी जम्मा २५४५२९ लगत कायम अघिल्लो आर्थिक वर्षको तुलनामा ४७१६८ थान बढी लगत कायम भएको छ ।
- नेपालको संविधानबमोजिम स्थापना भएका उच्च र जिल्ला अदालतहरूको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न तयार भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन लामो अवधि व्यतित भइसक्दा पनि नेपाल सरकारबाट स्वीकृत नभएका कारण समग्र न्याय सम्पादनको कार्य प्रभावित भएको छ ।
- यसरी न्यायपालिकाको कामकारबाहीमा दिनानुदिन वृद्धि हुँदै गएको र स्थानीय तहसम्म न्यायको पहुँच पुऱ्याउने गरी संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयनका लागि न्यूनतम

रूपमा आवश्यक पर्ने जनशक्तिको समेत अभाव र न्यायपालिकालाई उपलब्ध हुने बजेट निरन्तर कटौती हुँदै जाँदा न्यायपालिकाले गम्भीर समस्याको सामना गरिरहनु परेको छ ।

- अदालतहरूको बढ्दो कार्यबोझ र कार्यक्षेत्रमा भएको विस्तार एवम् नयाँ स्थापना भएका अदालतहरूका लागि आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्थापनमा नेपाल सरकारलगायत सम्बन्धित निकायबाट सहयोग हुने विश्वास लिइएको छ ।

**(२) न्यायपालिकाको लागि आवश्यक बजेटको अभाव:**

- न्यायपालिकालाई आवश्यक बजेटको तुलनामा अत्यन्त न्यून बजेट उपलब्ध हुने गरेको छ। प्राप्त बजेटसमेत अदालतको आवश्यकता अनुरूप आन्तरिक रूपमा विनियोजन र खर्च गर्ने स्वयत्ततासमेत रहेको छैन।
- न्यायपालिकाले आफ्नै सोच र पहलमा २०६१ सालदेखि निरन्तर रूपमा पञ्चवर्षीय रणनीतिक योजनाहरूको तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि योजनाले प्रक्षेपण गरेको बजेटलगायत स्रोत साधन प्राप्त हुन सकेको छैन ।
- न्यायपालिकाको सुदृढीकरण र विकासका लागि राष्ट्रिय विकास प्रक्रियामा न्यायपालिकाको रणनीतिक योजनाले पहिचान गरेका विषय र क्षेत्रहरूलाई प्राथमिकताका साथ समाहित गरी न्यायपालिकाको योजना प्रक्रियालाई थप सुदृढ र संस्थागत गराउन नेपाल सरकारका तर्फबाट कार्यमूलक सहयोगको अपेक्षा गरिएको छ ।
- न्यायपालिकालाई परम्परागत रूपमा विनियोजन हुँदै आएको बजेटको कारण सृर्जित समस्या एवम् न्यायपालिकाको स्वतन्त्रता र स्वयत्तताको जर्गेना हुने गरी आवश्यक बजेटको व्यवस्थापन गर्न न्यायिक कोषलाई प्रभावकारी बनाई सो कोषमा दण्ड जरिवाना असुलीसमेतबाट प्राप्त हुने रकम जम्मा गर्ने र अदालतको आवश्यकता अनुसार खर्च गर्नसक्नेलगायतका वैकल्पिक साधन स्रोत व्यवस्थापनसम्बन्धी आवश्यक नीतिगत र कानूनी व्यवस्थाका लागि नेपाल सरकारलगायत सम्बन्धित सरोकारवालाहरूको सहयोगको अपेक्षा गरिएको छ ।

**(३) फैसला कार्यान्वयनको प्रभावकारिता सम्बन्धमा:**

- मुद्दामा फैसला गरेर मात्र हुँदैन । न्यायको अनुभूति गर्न अदालतबाट भएका फैसलाहरूको छिटोछरितो र प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। प्रतिवेदन अवधिमा विभिन्न अदालतहरूमा १० अर्ब भन्दा बढी जरिवाना र एक लाख वर्ष भन्दा बढी कैदको लगत असुल हुन बाँकी देखिएको छ ।

सर्वोच्च अदालत काठमाडौं

- फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन राज्यका सबै निकायहरूले फैसला कार्यान्वयनसम्बन्धी संस्कृतिको विकास गर्ने र फैसला कार्यान्वयन गर्ने निकायको क्षमता अभिवृद्धि गरी फैसला कार्यान्वयनको सुनिश्चितता गर्न गराउन नेपाल सरकार, सुरक्षा निकायलगायत अन्य सम्बन्धित सरोकारवालाको प्रतिबद्धता र समन्वयात्मक प्रयासको आवश्यकता छ।

**(४) सर्वोच्च अदालतको नयाँ भवन निर्माण सम्बन्धमा:**

- २०७२ सालको विनासकारी भू-कम्पबाट सर्वोच्च अदालतलगायत मातहत अदालतका भवनहरू क्षतिग्रस्त भएका थिए । सर्वोच्च अदालतको आवश्यकता र दीर्घकालीन सोचका साथ अदालतको नयाँ भवन निर्माणको गुरुयोजना तयार भएको छ । यसको कार्यान्वयनको लागि नेपाल सरकारको निर्णयबमोजिम अदालतलाई प्राप्त पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालय रहेका कार्यालयहरू अन्यत्र स्थानान्तरण नगरिएको कारण जग्गा उपलब्ध हुन नसकेको हुँदा यथाशीघ्र जग्गा खाली गरी नयाँ भवन निर्माण गर्ने वातावरण तयार गर्न नेपाल सरकारलगायत सम्बन्धित निकायको आवश्यक सहयोग, समन्वय र पहलको अपेक्षा गरिएको छ। त्यसैगरी, न्यायपालिका र न्याय प्रणालीको ऐतिहासिकता संरक्षण गर्न न्यायिक संग्रहालयको स्थापना तथा अदालत भवन नभएका र भवन जीर्ण भएका मातहत अदालतहरूका लागिसमेत भवन निर्माण गर्नु पर्ने आवश्यकता रहेको छ।
- यी निर्माण कार्यकालागि आवश्यक पर्ने बजेटको व्यवस्थापन नेपाल सरकारबाट हुने अपेक्षा गरिएको छ ।

**(५) मुद्दा व्यवस्थापन पद्धतिको सुधार सम्बन्धमा :**

- न्याय सम्पादनको कार्यलाई छिटोछरितो, प्रभावकारी र न्यायिक प्रक्रियालाई पूर्वअनुमानयोग्य बनाउन विभिन्न अध्ययनहरू भएका छन् । सुधार प्रक्रियाको निरन्तरता रहेको भए तापनि मुद्दा प्रवाह व्यवस्थापनलाई सूचना प्रविधिको प्रयोग गरी पूर्णरूपमा स्वचालित बनाउन सकिएको छैन। मुद्दा प्रवाह पद्धति विकासका लागि भएका पूर्व अध्ययन प्रतिवेदनहरूको कार्यान्वयन र न्यायिक प्रक्रियामा सूचना प्रविधिको प्रयोगका लागि नेपाल सरकारबाट आवश्यक स्रोत साधन उपलब्ध हुने विश्वास लिइएको छ ।

**(६) मुलुकी संहिताहरूको कार्यान्वयन सम्बन्धमा:**

- लामो समयदेखि प्रयोगमा रहेको मुलुकी ऐनलगायतका कानूनहरूलाई खारेज गर्दै २०७५ साल भाद्र १ गतेदेखि लागू हुने गरी देवानी/फौजदारी (संहिता) कानूनहरू जारी भएका छन्। उल्लिखित कानूनहरू लागू गर्न पूर्वतयारीस्वरूप न्यायिक जनशक्तिलाई नयाँ कानूनको प्रयोगका

 १२५५

सम्बन्धमा प्रशिक्षित गर्न तालिम, अन्तरक्रिया र गोष्ठी आदि कार्यक्रमको सञ्चालन र नियमावली एवम् निर्देशिकाहरू तयार गर्ने कार्यको प्रारम्भ गरिएको छ । उल्लिखित कार्यहरूका लागि आवश्यक पर्ने अनुमानित बजेट माग गरेकोमा उपलब्ध हुन सकेको छैन । यसतर्फ नेपाल सरकारका सम्बन्धित निकायहरूको ध्यानाकर्षण गरिएको छ ।

**(७) सूचना प्रविधिको प्रभावकारी प्रयोग सम्बन्धमा:**

- सूचना प्रविधिको प्रयोगमार्फत न्यायिक प्रक्रियालाई छिटो छरितो एवम् प्रभावकारी बनाउन र सेवाग्राहीको सुविधा अभिवृद्धि गर्न न्यायपालिकामा सूचना प्रविधिलाई उच्च प्राथमिकतामा राखिएको छ । कागजको प्रयोगमा न्यूनीकरण गर्दै कागजविहीन अदालतको लक्ष्यका साथ तयार गरिएको न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी गुरुयोजना कार्यान्वयन गर्न आवश्यक साधन स्रोत उपलब्ध हुने अपेक्षा गरिएको छ ।

**(८) जनशक्ति व्यवस्थापन सम्बन्धमा:**

- न्यायिक जनशक्तिको क्षमता विकासको विषयले प्राथमिकता पाउनसकेको छैन। साविकका पुनरावेदन अदालत खारेज भई उच्च अदालतहरूको स्थापना भएको, जिल्ला अदालतको संख्या थप भएको र सर्वोच्च अदालतमा छुट्टै संवैधानिक इजलास स्थापना भएको छ । न्यायपालिकामा प्रत्येक १० वर्षमा समग्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्था हुँदै आएको थियो। २०६२ सालमा तयार भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पूर्णरूपमा कार्यान्वयन गरिएन । २०७२ सालमा तयार भएको प्रतिवेदन हालसम्म स्वीकृत हुन सकेको छैन । यसबाट न्याय सम्पादन र जनशक्ति परिचालनमा गम्भीर असर परेको छ । सर्वोच्च अदालतबाट तयार भएका संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धित निकायबाट अविलम्ब स्वीकृत हुने र न्यायिक जनशक्तिको क्षमता विकास र मनोबल उच्च राख्न सम्बन्धित निकायबाट ठोस पहल हुने अपेक्षा गरिएको छ ।

**(९) न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनको आयोजना सम्बन्धमाः**

विगतदेखि नै प्रत्येक तीन/तीन वर्षमा न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनको आयोजना हुने गरेको पृष्ठभूमि एवम् नेपालको संविधानले आत्मसात् गरेको संघीय प्रणाली तथा नयाँ संहिताहरू लागू हुन गईरहेको सन्दर्भमा न्यायपालिकाको सुधार, न्याय प्रशासन र व्यवस्थापन एवम् न्यायिक प्रक्रिया समेतका समसामयिक विषयहरूमा छलफल गर्न यथासक्य चाँडो न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनको आयोजना गर्न नेपाल सरकारबाट स्रोतसाधनको व्यवस्थापनलगायत आवश्यक सहयोगको अपेक्षा गरिएको छ।

**(१०) न्यायाधीशहरूको मर्यादाक्रम तथा सेवा सुविधा सम्बन्धमा:**

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र र सक्षम न्यायपालिकाको परिकल्पना गरेको छ । न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र सक्षमताको विषय स्वभावत: न्यायाधीशहरूको पदीय मर्यादा, प्रतिष्ठा र सेवाका शर्त सुविधासँग पनि जोडिने विषय हुन् । यही विषयवस्तुलाई आत्मसात गरी न्यायाधीशहरूको सेवा, सुविधा तथा मर्यादाक्रम सम्बन्धमा सर्वोच्च अदालतबाट सम्बद्ध निकायको ध्यानाकर्षण गराउने कार्य पटक पटक हुँदै आएको छ । यस विषयमा सर्वोच्च अदालतबाट उच्चस्तरीय समितिमार्फत अध्ययन गराई तयार भएको न्यायाधीशहरूको सेवा, सुविधा तथा मर्यादाक्रम सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७३ यथाशिघ्र कार्यान्वयन गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसमेतमा प्रेषित गरिएको थियो । उक्त प्रतिवेदनले दिएका सुझावहरू प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी विधेयक र उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तसम्बन्धी प्रस्तावित विधेयकमा समावेश गर्नु भनी सर्वोच्च अदालतको मिति २०७३।११।१७ को पूर्ण बैठकबाट निर्णय भई मिति २०७३।११।२२ को पत्रबाट नेपाल सरकार मन्त्रिपरिषद्लगायत सम्बन्धित निकायहरूमा पत्राचार गरिएकोमा सुझावहरू हालसम्म कार्यान्वयन हुन सकेका छैनन् । सो प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयन गर्न नेपाल सरकार गृह मन्त्रालय लगायतका सम्बद्ध निकायबाट ठोस् पहल हुने अपेक्षा गरिएको छ ।

**(११) स्थानीय न्यायिक निकायको अनुगमन र सुपरीवेक्षण सम्बन्धमा:**

- स्थानीय न्यायिक निकायबाट सम्पादन हुने काम कारवाही निरीक्षण एवम् सुपरीवेक्षण र आवश्यक निर्देशन दिन उपयुक्त संयन्त्रको विकास गरी त्यस्तो कामकारवाहीमा एकरूपता र प्रभावकारिता ल्याउन आवश्यक प्रबन्ध गर्नका लागि सम्बन्धित निकायबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

**(१२) उच्च अदालत र उच्च अदालतका इजलासहरूको कार्य सञ्चालन सम्बन्धमा:**

- नेपालको संविधानको धारा १३९ ले प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने संवैधानिक व्यवस्था गरेबमोजिम हाल सात प्रदेशमा सातवटा उच्च अदालत र उच्च अदालतको ९ वटा अर्को इजलास तथा २ वटा अस्थायी इजलास स्थापना गरिएको छ। नयाँ इजलासको व्यवस्थापनका लागि आवश्यक अदालत भवन, भौतिक संरचना निर्माणका लागि स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्न सम्बन्धित निकायबाट सहयोग हुने अपेक्षा गरिएको छ ।

(१३) न्यायमा पहुँच अभिवृद्धि सम्बन्धमा:

- कुनै कारणबाट अन्यायमा परेका तर आर्थिक सामाजिक दृष्टिकोणले अदालत आउन नसक्नेहरूका लागि न्यायमा पहुँच सुनिश्चित गर्न न्यायमा पहुँच आयोगबाट निर्धारित कार्यक्रमहरूको कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको व्यवस्थापनलगायत सम्बन्धित सरोकारवालाबाट सक्रिय सहयोग हुने विश्वास लिइएको छ ।

(१४) मेलमिलाप पद्धतिको प्रभावकारिता सम्बन्धमा:

- मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाउनका लागि मुद्दाका पक्षलगायत सम्बन्धित सरोकारवाला निकायबाट आवश्यक सहयोग र प्रभावकारी समन्वयको अपेक्षा गरिएको छ।

(१५)न्याय सेवाप्रतिको आकर्षण सिर्जना गर्ने चुनौती:

- न्याय सेवामा वृत्ति विकासको अवसर नहुने भएबाट सहायकस्तरका जनशक्तिलाई लामो समयसम्म सेवामा टिकाई राख्न कठिनाइ भइरहेको छ । कानून विषयको अध्ययन अध्यापन, सेवा प्रवेश र वृत्ति विकास आदिको उपयुक्त व्यवस्थापनमार्फत यस सेवाप्रतिको आकर्षण अभिवृद्धि गर्न सम्बन्धित सरोकारवाला निकायहरूका बीच समन्वयात्मक ढंगले सहकार्य गर्नु पर्ने आवश्यकता देखिएको छ ।

(१६) सम्बन्धित सबै पक्षको सहयोग र समन्वयको आवश्यकता :

न्यायपालिकाले आत्मसात् गरेका सुधारका प्रक्रिया र न्यायपालिकाप्रतिको आमअपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन ।यी विषयहरू सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट सम्बोधन हुन सक्दछन् भन्ने कुरामा न्यायपालिका विश्वस्त छ । त्यसका लागि व्यवस्थापिका संसद्, सरकार, कानूनी शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू, आमसञ्चार जगत, बार, सरकारी वकिल, नागरिक समाज, आम नागरिकलगायत सम्बन्धित सरोकारवालाको सहयोग, सहकार्य र समझदारीका साथै न्यायिक कार्यमा क्रियाशील न्यायाधीश तथा कर्मचारीसमेतबाट सकारात्मक भूमिका निर्वाह हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

प्रवक्ता
२०७४।१२।२५।४
नारायण प्रसाद पन्थी
सह रजिस्ट्रार